## उत्पादनमा आधारित अनुदान  र बजारीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

**पहिलो पटक संशोधन मितिः २०८१/०६/२२**

**प्रस्तावनाः**

झिमरुक गाउँपालिका कृषि तथा पशु पालन क्षेत्रमा जिल्लामै अग्रणी स्थानमा रहेको स्थानीय तह हो । बिगत केही समयदेखि कृषिमा सरकारको लगानी बढ्दै गएता पनि लगानी बमोजिमको उपलब्धि हासिल हुन सकिरहेको छैन । कृषकहरुलाई प्रोत्साहन गर्न र कृषि उपजमा आत्मनिर्भर बनाउने  उद्देश्यले सरकारका तिनवटै निकायहरुबाट विभिन्न अनुदानका कार्यक्रमहरु सञ्चालनमा आएता पनि निश्चित समूह, सहकारी र केही  फर्महरुले निरन्तर रुपमा अनुदान प्राप्त गर्ने र अनुदानको दुरुपयोग गर्ने विद्यमान मूल समस्या हो । त्यसैले  यस क्षेत्रका वास्तविक कृषकहरु जसले कृषि उत्पादन गर्छ त्यस्ता कृषकहरुलाई  कृषि उपज उत्पादन गरी बिक्रि गरे  पश्चात  प्रोत्साहन स्वरूप अनुदान उपलब्ध गराउने सोचले झिमरुक गाउँपालिकाले उत्पादनमा आधारित अनुदान कार्यक्रम  संचालन गर्न   झिमरुक गाउँपालिकाको कृषि व्यबसाय प्रवर्धन  ऐन,२०७६  को दफा ३६ ले दिएको  अधिकार प्रयोग गरी  कार्यपालिकाले कार्यविधि बनाएको छ ।

**१ प्रारम्भिक**

**१.संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको  नाम उत्पादनमा आधारित अनुदान र बजारीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८० रहेको  छ ।

(२)  यो  कार्यविधि झिमरुक गाउँपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२ परिभाषा बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क) “गाउँपालिका ” भन्नाले झिमरुक गाउँपालिकालाई सम्झनुपर्छ ।
(ख) “अध्यक्ष ” भन्नाले झिमरुक गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।
(ग) “उपाध्यक्ष” भन्नाले झिमरुक गाउँपालिकाको  उपाध्यक्ष सम्झनु पर्दछ ।
(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले झिमरुक गाउँपालिकाको  प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।
(ङ) "शाखा" भन्नाले झिमरुक गाउँपालिकाका कृषि विकास शाखालाई सम्झनु पर्दछ।
(च) “वडा” भन्नाले झिमरुक गाउँपालिकाको  सबै वडाहरूलाई सम्झनु पर्दछ ।
(छ) “सहकारी” भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा  संलग्न झिमरुक गाउँपालिका भित्रका सहकारीहरूलाई जनाउनेछ । यस शब्दले झिमरुक गाउँपालिकाका  कृषकहरूको कृषिजन्य उत्पादन खरिद गर्ने आसपासका सहकारीलाई समेत जनाउनेछ ।
(ज)  “ कृषि उपज भन्नाले  ”  कोदो,फापर, भट्टमास, आलु र  हलेदलाई सम्झनु पर्ने छ ।

(झ) "संकलन केन्द्र" भन्नाले दोस्रो बजारमा विक्री गर्ने उद्देश्यले कृषकहरुले उत्पादित कृषि उपज बस्तुहरु संकलन गर्ने सहकारी संस्था तथा कृषह समूह समेतलाई सम्झनु पर्छ ।

(ञ) " समिति भन्नाले " कार्यविधिको दफा ४ को [घ] बमेजिम गठन हुने समितिलाई सम्झनु पर्दछ।

(ट) "उत्पादक" भन्नाले कृषि वस्तु उत्पादन गर्ने कृषक, कृषक समूह, कृषि फर्म र सहकारी संस्था समेत लाई उत्पादक सम्झनु पर्छ ।

**३. कार्यक्रमको उद्देश्य : उत्पादनमा आधारित तथा बजारीकरण कार्यक्रमको उदेश्य देहाय बमेजिम रहनेछ।**

(क) कृषि पेसामा आवद्ध हुने कृषकहरुलाई हौसला प्रदान गर्ने ।

(ख) युवाहरुलाई कृषि पेशामा आकर्षित गर्ने ।

(ग) योग्य र वास्तविक कृषकहरुलाई मात्र अनुदान प्रक्रियामा आवद्ध गराउने ।

(घ) कृषकहरुलाई व्यावसायिक खेती गर्न प्रोत्साहन गर्ने।

(ङ) रैथाने बालीहरुको उत्पादनलाई प्रोत्साहित गर्ने ।

**४. अनुदान उपलब्ध गराउने विधि :**

(क) कृषकहरूले अनुदान प्राप्त गर्नको लागि गाउँपालिकामा नियमानुसार दर्ता भएका कृषक समूह तथा सहकारी संस्थाबाट संचालित व्यवस्थित संकलन केन्द्रमा मात्र विक्री वितरण गरेको हुनु पर्नेछ।

(ख) कृषक/ कृषि समूह तथा सहकारीले आफुले बिक्रि गर्ने कृषि उपजको परिमाण खुल्ने गरी गाउँपालिकामा स्थलगत अनुगमनका लागि निवेदन दिनु पर्ने छ।

(ग) संकलन केन्द्रले कृषकहरुबाट प्राप्त तोकिएका कृषि उपजको परिमाण खुल्ने गरी प्रत्येक कृषकहरुको अलग अलग अनुसूची -७ बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्ने छ र सो विवरण मुल्याङकन समितिमा पेस गर्नु पर्ने छ।

(घ) अनुसूची-७ बमोजिम संकलन केन्द्रले पेस गरेको अभिलेख रुजु गरी अनुदान रकम उपलब्ध गराउनको लागि सिफारिस गर्न तपसिल अनुसारको रुजु समिति रहनेछ । यस समितिले स्थलगत अनुगमन गरी अनुसूची-८ वमोजिमको ढाँचामा प्रतिवेदन पेस गर्न सक्ने छ ।

**तपसिल**

| | |
|---|---|
| गाउँपालिका उपाध्यक्ष | - संयोजक |
| कृषि क्षेत्र हेर्ने गाउँ कार्यपालिकाको सदस्य | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| समितिले मनोनयन गरेको विज्ञ सदस्य | - सदस्य |

समितिले मनोनयन गरेको व्यवसायिक कृषक सदस्य - सदस्य
सम्बन्धि वडा सदस्य - सदस्य
गाउँपालिका कृषि एकाइ प्रमुख -सदस्य सचिव

(ङ) गाउँपालिकाले संकलन केन्द्रको अभिलेखको समय समयमा अनुगमन निरीक्षण गर्नेछ अनुगमनको क्रममा झुठ्ठा विवरण राखेको वा पेस गरेको पाइएमा सो कार्य गर्ने संकलन केन्द्रलाई बास्तविक विवरणको १००% जरिवाना गरीने छ ।

(च) कृषकहरुले संकलन केन्द्र मार्फत बिक्रि वितरण गरेको कृषि उपजको परिमाणको एकिन गरी गाउँपालिकाबाट तोकिएको अनुदान रकम संकलन केन्द्र र उत्पादकहरुको बैंक खातामा उपलब्ध गराईने छ ।

(छ) उत्पादनमा सहभागी कृषक, संकलन केन्द्र र झिमरुक गाउँपालिका बिच खेती गरीने क्षेत्रफल तथा उपलब्ध गराउन सकिने अनुमानित कृषि उपजको अनुगमनको लागि अनुसूची -२ वमोजिमको ढाचाँमा निवेदन पेस गरे पश्चात अनुगमन गरिनेछ ।

(ज) उत्पादनमा आधारित अनुदान तथा बजारीकरण कार्यक्रममा सहभागी हुन ईच्छुक सहकारी संस्था, कृषक समूह तथा कृषकहरुले गत वर्षको उत्पादित परिणाम र यसवर्ष उपलब्ध गराउन सक्ने कृषि उपजको परिणाम खुल्ने विवरण अनुसूची-३ वमोजिमको ढाँचामा निवेदनसाथ संलग्न गरी पेस गर्नु पर्नेछ ।

(झ) अनुगमन पश्चात अनुसूची-४ वमोजिमको स्थलगत अनुगमन प्रतिवेदन पेस गर्नु पर्ने छ । सो पश्चात अनुदान उपलब्ध गराउन उपयुक्त देखिएमा अनुसूची-५ वमोजिमको ढाँचामा त्रिपक्षिय अग्रिम सम्झौता गरीनेछ ।

(ञ) कृषकहरुले आफुले उत्पादन गरेको कृषि उपज संकलन केन्द्रबाट बिक्री गर्न सक्नेछन

## ५. गाउँपालिकाको काम, कर्तव्य र अधिकार

(क) गाउँपालिका क्षेत्रभित्र व्यवस्थित संकलन केन्द्र स्थापना गर्नको लागि विभिन्न सरोकारवालाहरुसंग छलफल तथा समन्वय गर्ने ।

(ख) समय समयमा बजार अनुगमन , संकलन केन्द्रको अनुगमन गर्ने ।

(ग) कृषकहरुलाई कृषि उपज उत्पादन तर्फ अग्रसर गराउने ।

(घ) उत्पादनमा आधारित अनुदान प्राप्त गर्नको लागि उत्पादन सिमा निर्धारण , उपलब्ध हुने बाली बस्तुको छनौट, मूल्य निर्धारण गर्ने आदि ।

(ङ) स्थानीय बजारमा कृषि उपज खपत हुन नसकेको अवस्थामा बाहिर बिक्रि वितरणको लागि पहल गर्ने ।

(च) अन्तरिक कृषि उत्पादनलाई प्रोत्साहित गर्दै बाहिरबाट आयात हुने कृषि उपजको बिक्रि वितरणलाई निरुत्साहित गर्दै लैजाने ।

(छ) *कृषकले कृषि उपज उत्पादन गरी तोकीएको संकलन केन्द्रमा बिक्री गरे वापत प्रति किलो भट्टमासमा रु १०, कोदोमा रु १०,फापरमा रु १०, आलुमा रु ६ र हलेदोमा रु ५(नसुकाईएको) अनुदान पाउने र संकलन केन्द्रले कृषकहरुबाट उत्पादित कृषि उपजहरु खरिद गरे बापत संकलन केन्द्रलाई सबै कृषि उपजमा प्रति किलो रु ३ का दरले रकम सम्वन्धितको बैंक खातामा गाउँपालिकाले अनुदान स्वरूप उपलब्ध गराउने छ।

(ज) #संकलन केन्द्रले कृषकहरुबाट खरिद गरेको मूल्य र बिक्री मूल्यबीच रु.२ प्रति के.जी. भन्दा बढी मूल्य अन्तर गर्न पाईने छैन।

(झ) सबै भन्दा बढी कृषि उपज बिक्रि गर्ने प्रत्येक वडाका १/१ जना कृषकहरुलाई पुरस्कार दफा ४ को (घ) बमोजिमको समितिले मापदण्ड बनाइ छनौट गर्नेछ।

### ६. मुल्य निर्धारण समितिको व्यवस्था

कृषि उपज बस्तुहरुको मुल्य निर्धारण गर्नको लागि निम्न बमोजिमको समिति रहने छ।

(क) आर्थिक बिकास समितिको संयोजक – संयोजक

(ख) गाउँपालिकाको कृषि बिकास शाखाको प्रतिनिधि १- सदस्य

(ग) उद्योग बाणिज्य संघको प्रमुख वा प्रतिनिधि १- सदस्य

(घ) संकलन केन्द्रको अध्यक्ष वा प्रतिनिधि १- सदस्य

(ङ) कृषक समूह प्रतिनिधि (गाउँपालिकाले तोकेको १ जना ) - सदस्य

### ७. मुल्य निर्धारण समितिको काम, कर्तव्य देहाय बमोजिको रहने छ।

(क) कृषि उपज बस्तुहरुको खरिद तथा विक्री मुल्य निर्धारण गर्ने।

(ख) संकलन केन्द्रलाई मुल्य सूची प्रकाशन गर्न लगाउने।

(ग) निर्धारण गरेको खरिद तथा बिक्री मुल्यको अधिनमा रही खरिद तथा बिक्री गरे नगरेको अनुगमन गर्ने।

(घ) समितिले आवश्यकता हेरी बैठक बसी मूल्य निर्धारण सम्बन्धी निर्णय गर्ने छ ।

### ८. संकलन केन्द्र छनौट प्रकिया देहाय बमोजिम हुनेछ।

क. झिमरुक गाउँपालिकाबाट आवश्यक कागजात सहित आवेदनका लागि अनुसूची- १ वमोजिमको ढाँचामा ७ दिने सूचना प्रकाशित गरीनेछ।

ख . आवेदन पेस गर्दा निम्न बमोजिम काजजात संलग्न गर्नु पर्ने छ ।

१.निवेदन

२.झिमरुक गाउँपालिकामा दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि।

३.गत आर्थिक बर्षको करचुक्ता प्रमाण पत्रको प्रतिलिपि।

४.स्थायी लेखा नं.(पान) दर्ता प्रमाण पत्रको प्रतिलिपि।

*पहिलो संशोधनबाट संशोधित

#पहिलो संशोधनबाट थप गरिएको

५.संकलन केन्द्र सञ्चालक बा अध्यक्षको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

ग . संकलन केन्द्र सञ्चालन गर्दा न्यूनतम उल्लेख गरिएको मापदण्ड पुरा हुनु पर्ने छ ।

१.यातायात तथा बिजुलीको सुविधा भएको ।

२. गोदाम घरको सुबिधा तथा संकलन केन्द्रको गोदाम घर रहेको ।

३.कृषि उपज बस्तुहरुको तौल गर्ने साधनको व्यवस्था गरेको ।

**९. संकलन केन्द्रको काम, कर्तव्य र अधिकार**

(क) संकलन केन्द्रले कृषि उपजको खरिद बिक्रि मुल्य सूची प्रकाशन गर्नु पर्नेछ ।

(ख) संकलन केन्द्रले कृषकहरुबाट खरिद गरेको कृषि उपजहरु खरिद गरे बापत संकलन केन्द्रले उपलब्ध गराउनु पर्ने रकम उत्पादकलाई सोही दिन उपलब्ध गराउनु पर्ने छ ।

(ग) गाउँपालिकाबाट उपलब्ध गराउने अनुदान रकम, कृषि उपजहरुको बिक्रीबाट हुने आम्दानी संकलन केन्द्र सञ्चालन गर्ने निकायको हुनेछ र उक्त रकम सो संस्थाको निर्णय वमोजिम कर्मचारी व्यवस्थापन लगायत अन्य व्यवस्थापकिय खर्चमा लगाउन सक्नेछ ।

(घ) संकलन केन्द्रले प्रत्येक आर्थिक बर्षको अन्त्य पछिको असोज मसान्त भित्र लेखा परीक्षण गराई प्रतिवेदन गाउँपालिकामा पेस गर्नु पर्नेछ ।

(ङ) स्थानीय बजारमा खपत हुन नसक्ने अवस्थामा बाहिरी बजारको खोजि र बिक्रि वितरण गर्ने मुख्य जिम्मा सञ्चालन गर्ने संस्थाको रहने छ ।

(च) कृषकहरुबाट प्राप्त कृषि उपजको परिमाण खुल्ने गरी प्रत्येक कृषकहरुको अलग अलग अभिलेख अनुसूची-६ वमोजिम राखी झिमरुक गाउँपालिकालाई आवश्यक परेको समय उपलब्ध गराउने जिम्मेवारी संकलन केन्द्रको हुनेछ ।

(छ) अनुदान बापत पाउने रकमको हकमा संकलन केन्द्रले विवरण पेस गरे पछि मात्र गाउँपालिकाबाट सम्बन्धित उत्पादक र संकलन केन्द्रकको बैंक खातामा रकम निकासा गरिने छ ।

**१०.रकम भुक्तानी प्रक्रिया**

क. यस कार्यक्रम सञ्चालनको लागि एक छुट्टै कोष निर्माण गरी सोही कोषबाट रकम भुक्तानी गरिने छ । रकम भुक्तानी सम्वन्धी अन्य व्यवस्था यसै कार्यविधि बमोजिम हुने छ ।

ख.तपसिल बमोजिमको प्रकिया पुरा गरी संकलन केन्द्र र उत्पादकलाई रकम भुक्तानी गरिने छ ।

१. स्थलगत अनुगमन प्रतिवेदन (अनुसूची-४ बमोजिमको स्थलगत अनुगमन प्रतिवेदन) ।

२. किसान, संकलन केन्द्र र पालिका बिच त्रिपक्षिय सम्झौता भएको पत्र (अनुसूची-५ बमोजिमको सम्झौता पत्र)

३. संकलन केन्द्रमा किसानले कृषि उपज बिक्रि गरेको प्रमाण(अनुसूची-६ बमोजिमको विवरण)।

४. संकलन केन्द्रको रकम भुक्तानी माग सम्वन्धी निबेदन।

५. कृषकहरुको विबरण (अनुसूची-७ वमोजिमको विवरण)।

६. रुजु समितिको अनुगमन तथा सिफारिस प्रतिवेदन (अनुसूची -८ बमोजिमको रुजु तथा सिफारिस प्रतिवेदन)।

**११.थपघट वा हेरफेर गर्न सक्ने**

(क)यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी वनाउन गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्ने छ।

(ख)यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागी गाउँपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्ने छ।

## अनुसूची- १
## दफा ८को (क)सँग सम्वन्धित

सूचना प्रकाशनको ढाँचा

प्रथम पटक सूचना प्रकाशित मितिः

झिमरुक गाउँपालिको आ.व.२०८०/८१को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले ईच्छुक सहकारी संस्था तथा कृषक समूहहरुले सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र आवश्यक कागजातहरु सहित निवेदन पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

(क) **आवश्यक कागजातहरु**

१.निवेदन

२.झिमरुक गाउँपालिकामा दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि ।

३.गत आर्थिक बर्षको करचुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

४.स्थायी लेखा नं.(पान) दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

५.संकलन केन्द्र सञ्चालक बा अध्यक्षको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

**(ख) संकलन केन्द्र सञ्चालन गर्दा न्यूनतम उल्लेख गरिएको मापदण्ड पुरा हुनु पर्ने छ ।**

१.यातायात तथा बिजुलीको सुविधा भएको ।

२. गोदाम घरको सुबिधा तथा संकलन केन्द्रको गोदाम घर रहेको ।

३.कृषि उपज बस्तुहरुको तौल गर्ने साधनको व्यवस्था गरेको ।

अनुसूची- २

दफा ४को (छ)सँग सम्वन्धित

कृषक/ कृषि समूह/ सहकारीले पेश गर्ने निवेदनको ढाँचा

श्री कृषि बिकास शाखा

झिमरुक गाउँपालिकाको कार्यालय

भ्यागुते, प्युठान ।

बिषय- स्थलगत अनुगमन सम्बन्धमा ।

प्रस्तुत बिषयमा झिमरुक गाउँपालिकाको उत्पादनमा आधारित अनुदान कार्यक्रम अन्तर्गत मैले /हामीले ......................रोपनीमा ...........................उत्पादन गरेका छु / छौ । कृषि बिकास शाखाबाट स्थलगत अनुगमन गरी यो कार्यक्रम मा सहभागी गराई दिनु हुन अनुरोध गर्दछु /गर्दछौ । म हामि उत्पादनमा आधारित अनुदान र बजारीकरण कार्यक्रम कार्यविधि, २०८० र अन्य प्रचलित कानुन बमोजिमको सर्तहरु पालना गर्न मन्जुर छु/छौ ।

**अनुसूची -३**

**दफा ४को (ज)सँग सम्वन्धित**

उत्पादकले उपलब्ध गराउने कृषि उपजको अनुमानित परिमाणको विवरण

१.कृषकको नाम -

२. ठेगाना -

३. लगाइएको कृषि बालीको नाम र क्षेत्रफ़ल -

४.गत वर्षको उत्पादन परिमाण

| कोदो उत्पादन | कोदो बिक्रि परिमाण | फापर उत्पादन | फापर बिक्रि परिमाण | आलु उत्पादन | आलु बिक्रि परिमाण | भट्टमास उत्पादन | भट्टमास बिक्रि परिमाण | बेसार उत्पादन | बेसार बिक्रि परिमाण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

४.यस वर्षको अनुमानित उत्पादन परिमाण

| कोदो उत्पादन | बिक्रि गर्न सकिने परिमाण | फापर उत्पादन | बिक्रि गर्न सकिने परिमाण | आलु उत्पादन | बिक्रि गर्न सकिने परिमाण | भट्टमास उत्पादन | भट्टमास बिक्रि परिमाण | बेसार उत्पादन | बिक्रि गर्न सकिने परिमाण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

**अनुसूची -४**

दफा १०को (ख)१ सँग सम्वन्धित

बिषय- स्थलगत अनुगमन प्रतिवेदन ।

श्री झिमरुक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,भ्यागुते,प्यूठान

## अनुसूची -५
## दफा ४को (झ)सँग सम्वन्धित

### कृषक र संकलन केन्द्र बिचको सम्झौता पत्र

झिमरुक गाउँपालिका प्रथम पक्ष भनिने र ............................ संकलन केन्द्र दोस्रो पक्ष र झिमरुक गाउँपालिका वडा नम्बर ......कृषक......................... तेस्रो पक्ष भनिने बिच उत्पादित कृषि उपज खरिद तथा बिक्रि सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गरी एक प्रति लियौ / दियौ ।

१. तेस्रो पक्षले दोस्रो पक्षलाई ........................किलो .................. उपलब्ध गराउनु पर्नेछ ।
२. तेस्रो पक्षले ग्रेडिङ गरी गुणस्तर युक्त कृषि जन्य उपज उपलब्ध गराउनु पर्ने छ ।
३. मुल्य निर्धारण समितिले निर्धारण गरेको मुल्यमा कृषि उपज उपलब्ध गराउनु पर्नेछ ।
४. दोस्रो पक्षले तेस्रो पक्षलाई कृषि उपज प्राप्त भए पश्चात नगद वा चेक सोही दिन उपलब्ध गराउनु पर्ने छ ।
५. तेस्रो पक्षले कृषि उपजको ढुवानी संकलन केन्द्रसम्म स्वयं आफै व्यवस्था मिलाउनु पर्ने छ ।
६. प्रथम पक्षले संकलन केन्द्रले उपलब्ध गराएको अनुसूची-६ वमोजिमको विवरण र रुजु समितिले अनुसूची-७ वमोजिमको प्रतिवेदनको आधारमा संकलन केन्द्र र कृषकको बैंक खातामा रकम निकासा गर्ने छ ।
७. संकलन केन्द्र(दोस्रो पक्ष)ले कृषकहरुले बिक्रिको लागि ल्याएको कृषि उपज सहज रुपमा खरिद गरिदिनु पर्ने छ।कृषकहरुबाट खरिद गरेको कृषि उपज बस्तुको विक्री गर्ने सम्पूर्ण जिम्मा संकलन केन्द्रको हुने छ ।
८. अन्य विषय त्रिपक्षिय आपसी सहमति र समझदारीमा हुने छ ।

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट | तेस्रो पक्षको तर्फबाट |
|---|---|---|
| नामथर :- | नामथर | नामथर |
| पद | स्थायी ठेगाना | स्थायी ठेगाना |
| हस्ताक्षर | हस्ताक्षर | हस्ताक्षर |
| मिति | मिति | मिति |
| कार्यालयको छाप | संस्था/समूहको छाप | |

साक्षी ईति सम्वत्२०८०साल........महिनाको .........गते रोज शुभम्

## अनुसूची -६

दफा ४को (ज)सँग सम्वन्धित

उत्पादकले उपलब्ध गराएको कृषि उपजको बास्तविक परिमाणको विवरण

१.कृषकको नाम -

२. ठेगाना -

३. लगाइएको कृषि बालीको नाम र क्षेत्रफ़ल -

४.गत वर्षको उत्पादन परिमाण

| कोदो उत्पादन | कोदो बिक्रि परिमाण | फापर उत्पादन | फापर बिक्रि परिमाण | आलु उत्पादन | आलु बिक्रि परिमाण | भट्टमास उत्पादन | भट्टमास बिक्रि परिमाण | बेसार उत्पादन | बेसार बिक्रि परिमाण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

४.यस वर्षको अनुमानित उत्पादन परिमाण

| कोदो उत्पादन | बिक्रि गर्न सकिने परिमाण | फापर उत्पादन | बिक्रि गर्न सकिने परिमाण | आलु उत्पादन | बिक्रि गर्न सकिने परिमाण | भट्टमास उत्पादन | भट्टमास बिक्रि परिमाण | बेसार उत्पादन | बिक्रि गर्न सकिने परिमाण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

**अनुसूची -७**

दफा ४को (घ)सँग सम्वन्धित

श्रीमान अध्यक्षज्यू /स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समिति अध्यक्षज्यू
झिमरुक गाउँपालिका,प्यूठान ।

**विषय- अभिलेख रुजु गरी अनुदान रकम उपलब्धको लागि सिफारिस गरिदिने सम्वन्धमा ।**

प्रस्तुत विषयमा यस संकलन केन्द्रबाट निम्न वमोजिमका कृषि उपजहरु तपिसिल वमोजिमका कृषकहरुबाट खरिद गरी बिक्रि वितरण गरिएको हुनाले उक्त कृषि उपजहरुको स्थलगत अनुगमन गरी रुजु गरेको प्रतिवेदन उपलब्ध गराईदिनुहुन यो निवेदन पेस गरेको व्यहोरा अनुरोध छ ।

तपसिल

| क.स. | कृषकको नाम | ठेगाना | बालीको विवरण | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | कोदो | फापर उत्पादन | आलु | भट्टमास | हलेदो |
| .1 | | | | | | | |
| .2 | | | | | | | |
| .3 | | | | | | | |
| .4 | | | | | | | |
| .5 | | | | | | | |

## अनुसूची -८

### दफा ४ को (घ)  सँग सम्वन्धित

रुजु समितिको प्रतिवेदनको ढाँचा

झिमरुक गाउँपालिकाको आ.व............को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत उत्पादनमा आधारित अनुदान र बजारीकरणबाट ..........संकलन केन्द्रले अनुसूची-६ बमोजिम पेस गरेको फारम अनुसार रुजु गर्दा कृषकले उपलब्ध गराएको परिमाण र संकलन केन्द्रले उपलब्ध गराएको विवरण यथार्थ भएको हुनाले मुल्य अनुदान स्वरुप उपलब्ध गराउनको लागि सिफारिस गर्दछौं ।

१.संयोजक   श्री.............................

२.सदस्य श्री...............................

३.सदस्य श्री..............................

४.सदस्य श्री..............................

५.सदस्य श्री............................

६.सदस्य सचिव श्री.......................

झिमरुक गाउँ कार्यपालिकाको बैठकबाट मिति २०८०/०६/२२ गते संशोधित "उत्पादनमा आधारित अनुदान र बजारीकरण कार्यविधि, २०८०" (पहिलो संशोधन-२०८१) झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणीकरण गर्दछु।

कृष्ण बहादुर थापा

प्रमुख प्रशासकीय अधिकृत